का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ असार २०७९,
सोमबार
20 June 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# देखिन खोज्दै एमाले

सत्तामा रहँदा साढे ३ वर्षसम्म निरन्तर आलोचना खेपेर आएको एमालेले प्रतिपक्षमा पुगेपछि ९ महिनासम्म संसद अवरोध गरेर आलोचना खेप्यो । तर, एमालेले स्थानीय तहको चुनावपछि संसदलाई उपयोग गर्ने नीति लिएको छ र आफुलाई नागरिक स्तरमा देखाउने प्रयास गरिरहेको छ ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ५ असार ।

साढे ३ बर्ष सरकारको नेतृत्व गरेको नेकपा एमाले सरकारमा रह्यो । सरकारमा रहँदा चौतर्फी आलोचना सहेर अगाडि बढिरहेको एमालेले प्रतिपक्षमा पुगेपछि पनि आलोचना खेप्यो । कारण-संघीय संसदमा सरकारबाट प्रमुख विपक्षीमा पुगेपछि सरकारलाई असहयोग गर्ने नीति अन्तर्गत रहेर संसदमा ९ महिनासम्म अवरोध गरेर जनताको आवाज प्रस्फुटन हुने थलोलाई नै बन्धक बनाउन एमालेले भूमिका खेल्यो ।

तर, स्थानीय तहको चुनाव भएपछि सुरु भएको संघीय – बाँकी पृष्ठ २ मा



## वाम गठबन्धन

# बढ्दो पहलकदमी

स्थानीय चुनावमा कांग्रेसले राम्रो नतिजा हात पारेपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल, नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ, नेकपा एमालेका नेता घनश्याम भुसाल, रघुजी पन्त लगायत वामगठबन्धन हुनपर्ने बताउन थालेका छन् ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ५ असार ।

स्थानीय तहको निर्वाचनपछि शीर्षस्थ नेताहरु वामगठबन्धनप्रति सकारात्मक देखिन थालेका छन् । स्थानीय चुनावमा कांग्रेसले राम्रो नतिजा हात पारेपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल, नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ, नेकपा एमालेका नेता घनश्याम भुसाल, रघुजी पन्त लगायत वामगठबन्धन हुनपर्ने बताउन थालेका छन् ।

'वाम एकतामा हामी जहिले पनि पोजेटिभ छौ । तर कुन वाम एकता ?', उनले भने, ' विचारमा मिलेर जानसक्ने अवस्थामा मूल उद्देश्यका लागि एकताबद्ध भएर जान सक्ने हो भने हामी तयार छौ ।' अध्यक्ष नेपालले वाम एकतामा पक्षमा आफू सदैव सकारात्मक रहेको बताएका हुन् ।

एकीकृत समाजवादीकै सम्मानित नेता झलनाथ खनालले पनि वामपन्थीहरुको एकता वस्तुगत आवश्यकता भएको बताउन थालेका छन् । 'वामपन्थीहरूबीच एकता हुनु वस्तुगत आवश्यकता हो । तर यतिबेला वामपन्थी आन्दोलनका मुख्य नेताहरू अहिले वामपन्थी एकताको पक्षमा देखिनुहुन्न । यसो हुनाले तत्काल वामपन्थी एकताको आवश्यकता भए पनि त्यो सम्भावना निकै कमजोर छ । हामी स्थानीय तहको निर्वाचनबाट धेरै असन्तुष्ट छौं । किनभने यो पाँच दलको गठबन्धनभित्र सम्मानजनक ढंगले गठबन्धन हुँदै भएन । हाम्रो असन्तुष्टि पाँच दलभित्र पनि राखेका छौँ । हामी आफैँ पनि समीक्षा गर्दै छौँ, नेता खनालले भने । उनले वामएकता गरेर जानेमा सोच्नुपर्ने बेला आएको बताएका छन् ।

त्यसैगरी नेकपा एमालेका नेता घनश्याम भुसालले आगामी निर्वाचनमै वामएकता गरेर जानुपर्ने बताउँदै आएका छन् । 'हामीले कम्युनिष्ट आन्दोलनका उपलब्धिहरुलाई जोगाउन सकेनौँ । कम्युनिष्ट आन्दोलन बर्बाद हुने दिशामा गइसकेको छ', उनले भने, 'नेपाली कम्युनिष्टहरुबीच एकताको पहल अब एमालेले गर्नुपर्छ । ठूलो पार्टी हुनुको हैसियतमा पनि एमालेले एकताको पहल गर्नुपर्छ । एमालेले नेतृत्व नलिई वाम एकता सम्भव हुँदैन । एमालेकै नेतृत्वमा वाम एकता हुनुपर्छ ।' नेपालको स्थिरतालाई बलियो बनाउन वाम एकताको विकल्प नरहेको उनको भनाई थियो । नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले पनि वामगठबन्धनको आवश्यकता बढ्दै गएको बताउन थालेका छन् । 'एकचोटी प्रतिगमनमा संलग्न भएको शक्ति सच्चिएर आयो भने, नयाँ ढंगले जाउ भनेर आत्मसमीक्षा गरेर तत्परता प्रदर्शन गऱ्यो भने नयाँ ढंगले जान सकिन्छ' नेता श्रेष्ठले भने । उनले एक पटकको प्रतिगमनकारी शक्ति सधैंको प्रतिगमनकारी नहुने बताउँदै आएका थिए । शीर्ष नेताहरुमा बढ्दो सकारात्मक उत्साहले पुनः एकपटक वाम गठबन्धनको ढोका खुलेको संकेत गरेको छ ।

गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिङ्गा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारूपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लोक रिझाउने कार्यक्रम

- हरेक आइतबार "जनतासँग मेयर" कार्यक्रम
- फोहोर व्यवस्थापन : स्रोतमै वर्गीकरण, "जेरो वेस्ट" नीति
- करदातालाई स्वास्थ्य बीमामा ५० प्रतिशत अनुदान
- कोचिङ सेन्टर र शैक्षिक परामर्श केन्द्र नियमन
- बस स्टपहरुमा फल्चा
- पानी पुनर्भरणका लागि पोखरी र रिभर्स बोरिङ निर्माण
- सार्वजनिक निजी साझेदारीमा सार्वजनिक शौचालयहरु सञ्चालन
- "एम्फी थिएटर" बनाउने
- महानगरको सांस्कृतिक प्रोफाइल तयार गर्ने
- महानगरभित्र होमस्टे सञ्चालन, हाँडीगाउँबाट थालनी
- मेट्रोको अध्ययन गर्न संघ सरकारसँग सहकार्य
- महानगरका कर्मचारीलाई कार्य सम्पादनमा आधारित सुविधा



विस्तृत समाचार पृष्ठ ८ मा

# मेहनती युवा विदेशीए, मलिलो खेत बाँझिदै

**म्याग्दी / रासस–** म्याग्दीमा खेतीका लागि उर्वर खेतबारी पछिल्लो एक दशकयता झाडीमा परिणत हुँदै गएका छन् । खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको भाउ बढ्दा ग्रामीण विपन्न वर्ग समस्यामा पर्दै गएका छन् । उनीहरूलाई साँझ, बिहान हातमुख जोड्न पनि मुस्किल हुँदै गएको छ ।

सुविधा भोगी प्रवृत्ति, बसाइँसराइ र स्वदेशमा रोजगारको भरपर्दो माध्यम फेला पार्न नसकेर गाउँका युवा रोजगारीको खोजीमा खाडी मुलुक जाने क्रम नरोकिँदा म्याग्दीका ग्रामीण भेगमा रहेको खेतीयोग्य जमिन बाँझिएको हो ।

स्थानीय तहको चुनावमा प्रायः सबै राजनीतिक दलका उम्मेदवारले विकास र रोजगारीलाई प्रमुख एजेण्डा बनाएको भए पनि जिल्लाका युवा भने पाए युरोप-अमेरिका नपाए खाडी मुलुक भए पनि जान बाध्य छन् ।

चुनावका समयमा कृषि क्रान्तिका भाषण गर्ने राजनीतिक दलका नेता, जनप्रतिनिधि र सरोकारवाला सरकारी तथा गैरसरकारी संघसंस्थाले भू-उपयोग नीतिलाई व्यावहारिकरुपमा कार्यान्वयन गर्न नसक्दा भएको जग्गा जमिन बाँझै राखेर चर्को मूल्यमा आयातित खाद्यान्न किनेर खान बाध्य हुनु परेको छ । युवा विदेशिने र सहर पलाएन हुनेक्रम नरोकिँदा गाउँमा काम गर्ने जनशक्तिको अभाव भएर खेतीयोग्य जमिन बाँझै भएको हो ।

बाह्रै महिना खेतीपाती गरेर जीविकोपार्जन गर्ने ग्रामीण क्षेत्रका स्थानीयले अहिले भएका जग्गा, जमिन बाँझै छाडेका छन् । युवा विदेशिएसँगै गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र हुँदा खेती लगाउने समयमा जनशक्ति अभाव हुने गरेको छ ।

स्थानीय तहको निर्वाचनका लागि सहरबाट गाउँ आएका युवा केही दिनका पाहुना जस्तै मात्र भएका छन् । दसैं, तिहार, महामारी, प्राकृतिक विपत्ति र निर्वाचनका बेला गाउँ युवाले भरिभराउ हुने गरे पनि सहज अवस्थामा भने गाउँ युवा विहीन हुने गरेको बेनी नगरपालिका-२ का ८६ वर्षीय बेदप्रसाद उपाध्यायले बताए ।

'खेतबारीमा वनमारा र सिरु फुलेको छ, गाउँले बजारको आयातित चालम र खाद्यान्न किनेर खाने गरेका छन्,' मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताए । उनका अनुसार हरेक वर्ष खेतीयोग्य जमिन बाँझिनेक्रम १५ प्रतिशतले बढ्दै गएको छ ।

तरकारी उत्पादन हुने खबरा, बगरफाँट, – बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# खाडीमा तापक्रम ५० डिग्री नाघेपछि जनजीवन अस्तव्यस्त

**काठमाडौं / मस–** केही दिनयताको प्रचण्ड गर्मीका कारण खाडीका विभिन्न मुलुकहरूको जनजीवन अस्तव्यस्त बन्न थालेको छ । साउदी अरेबियाका विभिन्न भागमा आइतबार तापक्रम ५० डिग्री सेल्सियस भन्दा माथि पुगेको त्यहाँको मौसम विभागले जनाएको छ ।

प्रचण्ड गर्मीका कारण साउदीका अजमान उपत्यकामा दुई जनाको तिर्खाएर मृत्यु भएको कुवेत सिटिले जनाएको छ । सवारी साधन लिएर भेडा लिन – बाँकी पृष्ठ २ मा

तु- चाहियो

यस अल- सहेली म्यानपावर प्रा. लि.को लागि ब्यापक जनसम्पर्क भएको कर्मचारी आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

◆ पि.आर.ओ. : १० जना (महिला/पुरुष)

पि.आर.ओ. को हकमा तलब आपसी समझदारीमा

साथै इन्टरनेशनल मार्केटिङ गर्न सक्ने व्यक्तिको पनि आवश्यकता भएको हुँदा ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला । क्षमता भएकालाई पार्टनर पनि बनाउन सकिने छ ।

अल- सहेली म्यानपावर प्रा. लि.
सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं
फोन नं.: ४३८७३७२, ४३८७७४०, मो.: ९८५१०९८३४०
E-mail : alsahelimanpower2010@gmail.com

Romania मा रोजगार | कम्पनी: UMAN CARE RECRUITING S.R.L. शहर : ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/०१/०७ चलानी नं.: ६०१७८१८३ LT. No.: 261920 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Babysitter | 0 | 5 | स. काममा दक्ष | 600 | ७४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 3. | Cleaner | 10 | 5 | | 550 | ६८,५४१ | | | | | | | |
| 4. | Cook | 5 | 0 | | 650 | ८१,००३ | | | | | | | |
| 5. | Cook Helper | 15 | 0 | | 550 | ६८,५४१ | | | | | | | |
| 6. | Electrician - Skilled | 5 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 7. | Gardener | 5 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 8. | General Worker | 10 | 0 | | 550 | ६८,५४१ | | | | | | | |
| 9. | Housemaid | 0 | 10 | | 600 | ७४,७७२ | | | | | | | |
| 10. | Mason | 10 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 11. | Painter | 10 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 12. | Plumber | 5 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 13. | Steelfixer | 10 | 0 | | 600 | ७४,७७२ | | | | | | | |
| 14. | Waiter | 5 | 0 | | 550 | ६८,५४१ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम मेनपावर कार्यालय काठमाडौंमा भइरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधीबाट मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १९ र २० गते (3 & 4 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Global Welfare Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
9803569272, 9803569268, 9803569273, 9851186207
E-mail: document.globalhr@gmail.com, Web.: globalwelfarehrsolution.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ असार २०७९, सोमबार
20 June 2022, Monday

# जग्गाधनीको नक्कली मृत्यु दर्ता बनाएर जग्गा बिक्री



**काठमाडौं/मस–** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले विदेशमा बसेको एक व्यक्तिको नक्कली मृत्यु दर्ता प्रमाणपत्र बनाएर काठमाडौंको जग्गा बिक्री गर्ने ५ जनालाई पक्राउ गरेको छ। ब्यूरोले काठमाडौंमा पत्रकार सम्मेलन गर्दै नक्कली कागजपत्र बनाएर जग्गा किनबेच गरेको अभियोगमा दार्चुला घर भई हाल काठमाडौं टोखा-८ बस्ने महावीर चन्द, सिन्धुपाल्चोक घर भई हाल ललितपुर सुनाकोठी बस्ने गणेशबहादुर खनाल, सोलुखुम्बु घर भई बुढानीलकण्ठ बस्ने बाबुराम कार्की, नुवाकोट घर भई काठमाडौं वनस्थली बस्ने प्रेमप्रसाद खनाल र काठमाडौं तारकेश्वर घर भई वनस्थली बस्ने ममता भन्ने डासीमाया श्रेष्ठलाई सार्वजनिक गरेको हो।

उनीहरुले २०५५ सालदेखि जापान बस्दै आएको शान्तादेवी लोहनीको नाममा रहेको कीर्तिपुर नगरपालिका-२ मैत्रीनगरको ११ आना २ पैसा जग्गा बिक्री गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका व्यक्तिहरुले शान्तिदेवीको मृत्यु दर्ता र उनको नक्कली श्रीमान तयार गरेर जग्गा बेचेको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिए।

गएको जेठ ५ गते नेपाल आएकी शान्तिदेवीले मालपोत कार्यालयमा वायोमेट्रिक गर्न जाँदा आफ्नो जग्गा बिक्री भइसकेको थाहा पाएको प्रहरीले बताएको छ।

पीडित शान्तीदेवीले प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले अनुसन्धान गरेको थियो। प्रहरीका अनुसार गिरोहले शान्तीदेवीको मृत्यु भएको भन्दै मृत्यु प्रमाणपत्र पेस गरेर उनका श्रीमान तारानिधि लोहनी भन्दै नक्कली श्रीमान बनाएर नामसारी गरेका थिए।

नक्कली तारानिधि बनेका व्यक्तिको नामबाट २०७७ फागुन १० गते सुनिता कर्माचार्यको नाममा नामसारी भएको अनुसन्धानका क्रममा खुलेको ब्यूरोले बताएको छ। ती नक्कली तारानिधि बनेका व्यक्तिले शान्तादेवीको मृत्यु २०७७ भदौ १३ गते कालगतिले भएको र उसको हकवाला आफू श्रीमान भएको भन्दै कीर्ते कागजातहरू बनाएर २०७७ पुस १५ गते मृत्यु नामसारी गराएका थिए।

# दलित महिलाको समान सहभागिताको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असार



दलित समुदायका महिलाको राज्यका हरेक संरचनामा समान सहभागिताको माग गरिएको छ। दलित महिला संघ (फेडो) द्वारा आइतबार नवनिर्वाचित जनप्रतिनिधि महिला सदस्यका लागि आयोजना गरिएको बधाई, शुभकामना तथा अन्तरक्रिया कार्यक्रममा महिला नेत्री तथा दलित महिला अधिकारकर्मीले उक्त माग गरेका हुन्। सहभागीले दलित महिला दोहोरो मारमा परेको भन्दै उनीहरुको लागि राज्यले विशेष आरक्षणसहित प्रत्येक संरचनामा समान सहभागिताका लागि जोड दिनुपर्ने बताए।

समाजवादी पार्टीकी सचिव दुर्गा सोवले समाजमा दोहोरो, तेहेरो विभेद भोग्दै आएका दलित महिलालाई स्थानीय तहको निर्वाचनमा निर्णायक तहभन्दा पनि वडा सदस्यमै सीमित गरिएको आरोप लगाइन्।

उनले भनिन्, 'मुलुक परिवर्तनमा दलित महिलाको अतुलनीय योगदान छ, व्यवस्था परिवर्तन भएको छ तर दलित महिलाको अवस्था उस्तै छ, उनीहरुले हरेक तहमा चरम विभेद भोग्दै आएका छन्। त्यसबारेमा राज्य गम्भीर भएको देखिँदैन।' दलित समुदायका महिलाको आर्थिक, सामाजिक र राजनीतिक समस्याप्रति सरकार र मुख्य राजनीतिक पार्टी नै गम्भीर हुन नसकेको सोवको भनाइ छ।

फेडोकी अध्यक्ष कला स्वर्णकारले प्राप्त अधिकारलाई सुनिश्चित गर्दै थप अधिकारका निम्ति दलित समुदायका महिलाले एकीकृत रुपमा संघर्ष गर्नुपर्ने आवश्यकता रहेको बताइन्।

महासचिव रेणु सिजापतिले देशका विभिन्न स्थानमा जातीय भेदभाव तथा छुवाछूतका कारण दलित समुदायले ज्यानसमेत गुमाउनुपरेको अवस्था उल्लेख गर्दै सरकारले जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिइन्।

सचिव हेमा सुनारले दलित महिलाका मुद्दालाई सहज रुपमा स्थापित गर्न नसकेको बताइन्। जनप्रतिनिधिहरु समेत हिंसामा परेको बताइन्।

अधिकारकर्मी जेवी विश्वकर्माले समावेशीकरणको मुद्दालाई अझै बलियो बनाउन सिमान्तकृत समुदायबीचको एकता र संघर्षको आवश्यकता रहेको बताए।

ललितपुर महानगरपालिका-१४ की दलित महिला सदस्य सङ्गीता अछामीले दलित महिलाको क्षमता भए पनि स्थानीय तहको निर्वाचनमा वडा सदस्यमै सीमित गरिएको भन्दै गुनासो गरिन्।

# कल सेन्टरबाट अमेरिकामा ठगी, १३ जना पक्राउ

**काठमाडौं/मस–** काठमाडौंमा कल सेन्टर सञ्चालन गरेर अमेरिकामा ठगी गरेको आरोपमा प्रहरीले १३ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा 'अर्बिट नेक्सस प्रालि'का संचालक बुढानिलकण्ठ नगरपालिका-१२ कपन बस्ने ३३ वर्षीय बिजय श्रेष्ठ, कलसेन्टर सुपरभाइजर भारत घर भएका ३२ वर्षीय निशान्त गैरे र कल सेन्टरमा काम गर्नेहरुलाई मनिटरिङ गर्ने भारतीय नागरिक २४ वर्षका मनिष तिवारी छन्। दुईजना भारतीय नागरिक बिजय श्रेष्ठका मुख्य सहयोगी हुन्।

पक्राउ पर्नेमा कल सेन्टरमा काम गर्ने २२ वर्षका अमिन खड्का, २२ वर्षीय करण गुरुङ, अनोज लामा, २० वर्षीया आरुषी राई, २१ वर्षीया युबिना तामाङ, २३ वर्षीया आरस तुलाधार, २६ वर्षीया सपना मग्राती, २९ वर्षीया टिका राउत, २४ वर्षीया सुनिता राउत र १९ वर्षीय सागर श्रेष्ठलाई पक्राउ गरिएको नेपाल प्रहरीको साइबर ब्यूरोका एसएसपी नविन्द अर्यालले जानकारी दिए।

उनीहरुले अर्बिट नेक्सस प्रालि नाममा कल सेन्टर सञ्चालन गरी अमेरिकामा बस्नेहरुलाई कम्प्युटरमा म्यासेज पठाएर ठगी गर्ने गरेका थिए। उनीहरुले माइक्रोसफ्ट सपोर्ट सेन्टरबाट भन्दै कम्प्युटरमा म्यासेज पठाएर बैंक खाता लगायतका निजी सूचना माग गरेर पैसा ठगी गरेको पाइएको एसएसपी अर्यालले जानकारी दिए। उनीहरुबाट ९० वटा कारोबार भएको देखिएको र ती सबै ठगी हो वा होइन भन्ने विषयमा अनुसन्धान भइरहेको एसएसपी अर्यालले जानकारी दिए।

आरोपीहरुले माईक्रोसफ्ट कम्पनीको कल सेन्टरको नाममा कम्प्यूटर र ल्यापटप जस्ता विद्युतीय सामग्रीमा सूचना पठाएर फिसिङ गर्थे। युजरको डिटेल लिएपछि ह्याक गरेर बैंक खाताको रकम ट्रान्सफर गर्ने गरेका थिए।

# करेन्ट लागेर मृत्यु

**सिरहा/मस–** सिरहामा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। जिल्लाको गोलबजार- १ का २६ वर्षीय गोपाल पूर्वेको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ।

गोलबजार नगरपालिका-६ का मनोजकुमार सिंहको घरमा प्लास्टरको काम गर्दै आएका पुर्बेको आइतबार बिहान बाँस ठड्याउने क्रममा विद्युतको नांगो तारमा ठोक्किएर करेन्ट लाग्दा मृत्यु भएको ईलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ।

करेन्ट लागेर गम्भीर घाइते भएका उनलाई स्थानीय स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्‍याएपनि स्वास्थ्यकर्मीले मृत घोषणा गरेका थिए। शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लाहानमा राखिएको छ।

# स्याङ्जा सहयोग समाज कतारको अध्यक्षमा परियार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, ५ असार



स्याङ्जा सहयोग समाज कतारको आठौँ अधिवेशन तथा १७ औं वार्षिक उत्सवको सम्पन्न भएको छ। दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट अध्यक्षमा प्रकाश परियार निर्वाचित बनेका छन्। समाजका अध्यक्ष अजमत अलिको अध्यक्षता तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यता कार्यक्रम सम्पन्न भएको थियो।

गत शुक्रबार सम्पन्न अधिवेशनको बन्द सत्र अन्तर्गत मध्यरातमा अध्यक्षका प्रत्याशीबीच सहमति जुटेपछि रोकिएको शपथ ग्रहण कार्यक्रम शनिबा साँझ सम्पन्न भएको हो। अध्यक्षमा प्रकाश परियारसँगै वरिष्ठ उपाध्यक्ष घनश्याम अर्याल (जैसी), प्रथम उपाध्यक्ष सूर्य अर्याल, दित्तीय उपाध्यक्ष दिवानसिंह सिंजाली मगर, महिला उपाध्यक्ष टौमाया गुरुङ, महासचिव टेक बहादुर नेपाली गैरे, सचिव अर्जुन पौडेल, कोषाध्यक्ष शेख नजर मियाँ रहेका छन्। कार्यसमितिका सदस्यहरूमा पूर्णबहादुर नेपाली, अम्बिका पौडेल, अलि हुसैन, रोशन अर्याल र ठाकुर गौतम रहेका छन्। नव निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक गुरु नारायण रानाभाटले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। रानाभाटले महिला सचिव, सह कोषाध्यक्ष सहित थप ८ जना कार्यसमिति सदस्यहरू कार्यसमितिको बैठकले मनोनीत गर्ने जानकारी दिए।

कार्यक्रममा संस्थाको करिब ३ वर्षको प्रगति एवं आर्थिक प्रतिवेदनमा १७ हजार ५ सय ६५ रियल बचत सहितको विवरण महासचिव शिवराम ढकालले पेस गरेका थिए। संस्थाका प्रथम उपाध्यक्ष घनश्याम अर्यालको स्वागत मन्तव्य रहेको थियो भने अन्जिता पौडेलले स्वागत नृत्य राखेकी थिइन। कार्यक्रममा समाजको पहिलो प्रकाशन 'स्याङ्जा दर्पण' पुस्तकको विमोचन गरिएको थियो। पुस्तकका प्रधान सम्पादक अजिज अलिले स्थापनाकालदेखीका गतिविधि पुस्तकमा समेटिएको बताउँदै संस्थाका गौरवमय इतिहास बोकेको पुस्तक सम्पादन गर्ने कार्यमा आफूले सक्दो मेहनत गरेको बताउँदै टिममा रहेर कार्यसम्पादन गर्ने सबैमा आभार व्यक्त गरेका थिए। कार्यक्रममा वैचारिक, सामाजिक व्यक्तित्व, जिल्लावासी, कलाकार, खेलाडी तथा पत्रकार लगायतको उपस्थिति रहेको थियो।

अधिवेशन मार्फत संस्थालाई पुर्‍याएको योगदानको कदर गर्दै विभिन्न व्यक्तित्वहरूलाई दोसल्ला ओढाएर सम्मानित समेत गरिएको थियो। कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए। शिवराम ढकाल र अर्जुन पौडेलले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाअध्यक्ष अलिले समाजले गरेका विभिन्न कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिँदै सबैको साथ सहयोग लिएर संस्थाको गरिमा थप उचाइमा पुर्‍याउने बताए। उनले समाजको निमन्त्रणालाई स्वीकारेर कार्यक्रममा सहभागी सम्पूर्णमा धन्यवाद प्रकट गर्दै खुल्ला सत्र कार्यक्रमको समापन गरेका थिए।

# आइजीपी विवाद हेर्दाहेर्दैमा

**काठमाडौं/मस–**सर्वोच्च अदालतमा नेपाल प्रहरीका महानिरीक्षक (आइजीपी) मा धीरजप्रताप सिंहलाई बढुवा गर्ने सरकारको निर्णयविरुद्ध परेको रिट निवेदनमा आइतबार बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको छ। उक्त रिटको यही असार १३ गते सुनुवाइ हुने भएको छ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की र न्यायाधीश डा.कुमार चुडालको संयुक्त इजालसमा उक्त विवादबारे आइतबार सुनुवाइ गर्दा पक्षको बहस नै नसकिएको हुनाले हेर्दाहेर्दैमा राखिएको हो। आइतबार रिट निवेदकका तर्फबाट १३ कानुन व्यवसायीले बहस गरेका थिए।

प्रहरी महानिरीक्षकमा सिंहलाई नियुक्त गर्ने मन्त्रिपरिषद्को निर्णयविरुद्ध नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले गत वैशाख १९ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। रिट निवेदनमा आफूभन्दा डेढ वर्ष कनिष्ठलाई बढुवा गर्ने सरकारको निर्णय बदर गर्न माग गरिएको छ। गत वैशाख १८ गते बसेको मन्त्रिपरिषद् बैठकले सिंहलाई प्रहरी महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको थियो।

न्यायाधीश शुष्मालता माथेमाको एकल इजलासले गत वैशाख २२ गते उक्त विवादमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको थियो।

### देखिन...

संसदमा भने एमालेले आफ्नो भूमिकामा केही फेरबदल गरेको छ। ९ महिनासम्म अवरोध गरेको संसदलाई सरक्क खोल्यो। र संसदमा सरकारका कामकारबाहीमाथि हरेक कोणबाट प्रश्न उठाउने र जनताका विषयलाई पनि उठाउने कार्य एमाले नेताहरुले गरिरहेका छन्।

कुनै पनि विषयमा धारणा राख्दा नागरिकहरु के सोच्दछन भन्ने कोणबाट सोच्न खोज्ने, परिपक्क रुपमा प्रस्तुत हुने मात्रै नभई सरकारका गतिविधिमाथि गहिरो रुपमा नियालेर प्रश्न उठाउने कार्य एमाले नेताहरुबाट भइरहेको छ।

पछिल्लो समय एमालेले संसदमा अर्थमन्त्री जनार्दन शर्मामाथि प्रश्न उठाएको छ। कारण- बजेट निर्माणमा अनाधिकृत व्यक्तिबाट करको दरहरु हेरफेर गराएको आरोप। यो आरोपबारे अध्ययन गर्न संसदीय छानविन समिति गठनको माग राख्दै एमालेले अर्थमन्त्रीशर्मालाई संसदमाबहिष्कार गरेको छ। अर्थमन्त्री शर्माले संसदमा प्रस्तुत गर्ने एजेण्डालाई पनि बहिष्कार गर्ने तर, संसदमा अन्य गतिविधिमा भाग लिने नयाँ अभ्यासको सुरुवात एमाले नेताहरुले सुरु गरेका छन्।

यसो गर्दा जनताको आवाज उठाउने थलोलाई बन्धक बनाएको आरोप खेप्नु नपर्ने र प्रश्न उठाएका व्यक्तिमाथिको आशंका निरन्तर अगाडि बढ्ने भयो। यसले एमालेलाई देखाउने काम गरेको छ।

यस्तै संसदमा प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्ध महाअभियोग प्रस्ताव विचाराधीन छ। १ फागुन २०७८ मा संसदमा पुगेको महाअभियोग अगाडि बढिरहेको छैन्। एमालेले सरकार र सत्तारुढ दलको महाअभियोग अगाडि नबढाउने नियत्त के हो ? भनी प्रश्न उठाइरहेको छ। महाअभियोग अगाडि नबढाउने भए किन ल्याएको ? भन्ने एमाले नेताहरुले स्वभाविकप्रश्नगरिरहेका छन्।

आइतबार मात्रै एमाले उपमहासचिवप्रदीप ज्ञवालीले व्यक्तिगत रिसका कारण महाअभियोग लगाइएको र संसदमा लगेर अड्काइएको आरोप लगाए। तर महाअभियोग सिफारिस समितिलाई काम गर्न नदिएर महाभियोग लगाएको लगाएकै गर्न खोजिएको उनको गम्भीर आरोप छ।

एमालेले सरकारले परराष्ट्र नीतिका सन्दर्भमा चालेका कदमहरु, छिमेक नीतिका विषयमा लिएका अडान र एजेण्डाहरु, नेपालसँग हुन लागेका सम्झौताहरुमाथि राष्ट्रियताको कोणबाट प्रश्न उठाइरहेको छ। अमेरिकी कार्यक्रम स्टेट पाटनरसिप प्रोग्रामका सम्बन्धमा पनि एमालेले राष्ट्रियतालाई जोडेर सरकारमाथि प्रश्न उठायो। समग्रमा एमालेले जनताका बीचमा देखिन खोज्दैछ। यसका पछाडि आसन्न प्रदेश र संघीय चुनाव भएको कतिपयको टिप्पणी छ।

### मेहनती...

सिम, थामडाँडा, बाबियाचौरलगायत ठाउँमा पनि जमिन बाँझै छ। धान उत्पादन हुने सिंगा, बगरफाँट, डाँडाखेतलगायत ठाउँमा बस्ती बसाल्ने तथा जग्गा प्लटिङ गर्ने गरेका छन्। यसले गर्दा सदरमुकाम तथा मुख्य बस्तीमा जग्गाको भाउ आकाशिएको छ। कृषि कार्यालय र स्थानीय तहले किसानलाई प्रोत्साहनका लागि खाद्यान्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेतीलगायतमा अनुदान दिने, बीमा गर्ने, प्रविधि प्रदान गर्ने गरेका भए पनि खेतीयोग्य जमिन अझै प्रयोगमा आउन सकेको छैन।

भूकम्पपछि गाउँबाट सहर झर्ने क्रम बढेसँगै खेतीयोग्य जमिनलाई घडेरीका रुपमा बेच्न भन्दै पल्टिङ गर्न थालिएकाले जमिन बाँझो हुनेक्रम उत्तिकै बढेको हो। पछिल्लो समय जिल्ला मालपोत कार्यालय म्याग्दीमा दैनिक सरदर ५० थानभन्दा बढी जग्गा किनबेच हुने गरेको जिल्ला मालपोत कार्यालय म्याग्दीले जनाएको छ।

### खाडीमा...

गएका ८२ वर्षीय वृद्ध र उनको ८ वर्षीय छोराको ज्यान गएको हो। घर फर्किने बेला बालुवामा गाडी फसेपछि समस्यामा परेको र पानी पिउन नपाएपछि तिर्खाएर प्राण त्याग गरेको पनि उक्त अनलाइनले लेखेको छ। हाल खाडीका विभिन्न देशमा लाखौं नेपाली कार्यरत रहेका छन्। कतार तथा साउदीमा प्रचण्ड गर्मीको समयमा मध्यान्ह १२ बजेदेखि दिउँसो ३ बजेसम्म खुला ठाउँमा काम गर्न प्रतिबन्ध लगाइएको छ।

**भूल सुधार**

मिति २०७९/०३/०४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित Jung Dong Manpower Pvt. Ltd. को अत्यन्त जरुरी सूचनामा 'अतः यो सूचना प्रकाशित गरेको मितिले ७ (सात) दिनभित्र अनिवार्यरुपमा सम्पर्क वा उपस्थित हुन जानकारी गराइन्छ।' हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Jung Dong Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1416/074/075 Marajgung-3, Chakrapath, Kathmandu. Tel: 4375390, 4375391

**शुन्य लागत अन्तर्गत मलेशियामा रोजगारी**
**Employment in Malaysia Under Zero Cost**

(COMPANY: ASE ELCTRONICS M SDN BHD — PENING, MALAYSIA
कम्पनी: ए एस इ इलेक्ट्रोनिक्स (एम) एस.डिएन. बिएचडी — पेनाङ, मलेसिया
फोन: +६०४-६३२८८८८, (Phone: +604-6328888) | फ्याक्स: +६०४ ६४४८४११, (Fax: +604 6448411)

| पूर्व स्वीकृत मिति: २०७९/०३/०२ | चलानी नं:६०१८११९१ | एल टि नं : २६५२६६ |
|---|---|---|
| Pre Approval Date: 16/06/2022 | Invoice No.:60181191 | LT No.: 265266 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker (Manufacturing Sec.) | २०० 200 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४२,३४५ 42,225 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

- यो भर्ती/मागपत्र शून्य लागत नीति अन्तर्गत छ। म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ। त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कुनै शुल्क तिर्नु पर्दैन। This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागी हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं। No other item of value shall be given or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईलाई कुनै पनि एजेन्ट/बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं। हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट/बिचौलिया छैन। Since you don't have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन। No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमुलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्ण रूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं। We request you to fully study & understand job related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ। Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं। त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ। We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत् सम्पर्क गर्न सक्नुहुनेछ। तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज – Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ।
  +९७७-९८०१००४३४५ grievance@titanicmanpower.com
  If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page –
  Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोननंहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

प्रि अन्तर्वार्ता धमाधम भैरहेको छ। (Pre-interview is on going.)
फाईनल अन्तर्वार्ता टाइटानिक अफिस, बसुन्धारा चौकी, काठमाडौंमा २०७९ असार २० गतेमा हुनेछ।
Final interview will be held on TITANIC office, Basundhara Chauki, Kathmandu on July 4 2022.

TITANIC Ethical Recruitment Agency Since 2002
ISO 9001:2015 Certified Recruitment Agency
**टाईटानिक मेनपावर सप्लायर प्रा.लि.**
**(Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
Email:info@titanicmanpower.com Website:www.titanicmanpower.com

# कृषि प्रधान देशमा मलको अभाव

**रेशम अधिकारी/मध्यान्ह**
पश्चिम नवलपरासी, ५ असार



धानलाई नेपालको प्रमुख खाद्य बालिका रुपमा लिने गरिन्छ । देशको अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गर्ने एकल वाली पनि धान नै हो । नेपालको कुल खेतीयोग्य जमिनमध्ये १५ लाख हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती हुने यो बालीको उत्पादकत्व भने अन्य देश तथा महादेशहरुको तुलनामा निक्कै कम रहेको छ । विगत आधा शताब्दी भन्दा धेरै समय देखि देशमा भइरहेको कृषि विकासका प्रयासहरुमा पनि यो वालीले मुख्य प्राथमिकता पाउँदै आएको छ ।

मनसुन शुरु भएसँगै देशका विभिन्न क्षेत्रमा धान रोपाइँ शुरु भइसकेको छ । प्रदेश ५ को पश्चिम नवलपरासी क्षेत्रमा धान रोपाइँ शुरु भएको छ । जिल्लाका पालिनन्दन, रामग्राम, सुनवल, भुमही, सरवल, लगायत अधिकांश ठाउँमा यतिखेर धान रोपाइँ शुरु भएको हो । रोपाइँ शुरु भएपनि रासायनिक मल नपाएपछि अधिकांश किसान विनामल खेत रोप्न बाध्य भएका छन् । 'पम्पसेट लगाएर खेतका गरा पानीले भरिएका छन्, ब्याडमा बीउ बढेर घाँस बन्न थालेको छ, मल पाइन्छ कि भनेर केही दिन कुरेका हौं । अहिलेसम्म पनि मल नपाइएपछि विनामल नै रोपाइँ शुरु गरेका छौं', सुनवल नगरपालिका ७ का राधाकृष्ण न्यौपानेले बताए ।

न्यौपानेको अनुसार जिल्लामा प्राप्त मात्रामा मल छैन् । केही किसानहरूले भारतबाट व्यापारीहरूले लुकिछिपी थोरै मात्रमा आयात गरी ल्याएको मल खरिद गरी रोपाइँ थालेका छन् ।

सरकारले समयमा मल उपलब्ध गराउन नसक्दा किसानहरू भारतबाट लुकिछिपी ल्याइएको मत चर्को मूल्यमा खरिद गर्न बाध्य छन् ।

विगतका वर्षमा असारको पहिलो सातापछि मात्रै रोपाइँ शुरु हुने र असारको १५ ताका किसानलाई चटारो पर्ने भए पनि यस वर्ष धानको बिउ चाडै हुर्किएको कारण रोपाइँ शुरु गरिएको स्थानीय किसानको भनाइ छ ।

पहिलो चरणको रासायनिक मल वितरण भयो अन्य आउने प्रक्रियामा छ - कृषि ज्ञान केन्द्र नवलपरासी कृषि ज्ञान केन्द्र नवलपरासीले पहिलो चरणमा जिल्लाका ७ स्थानीय तहलाई अनुदानको ३०१ मेट्रिक मल कोटा अनुसार वितरण गरिएको बताएको छ । माग संख्या धरै भएको तर प्रदेशबाट थोरै रासायनिक मल वितरण भएका कारण कृषकको मागअनुसार मल उपलब्ध गराउन नसकेको ज्ञान केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्र नवलपरासीले प्रदेश सरकारसँग मलको विषयमा पहल भइरहेको कारण चाँडै नै मलको समस्या हाल हुने जनाएको छ ।

**रासायनिक मलको मात्र भर पर्नु पर्दैनः कृषि विज्ञ दुलाल**

कृषि तथा वन विश्वविद्यालयबाट मान्यता प्राप्त रामनगर कृषि क्यापसका प्राध्यापक तथा धान खेतीमा अनुसन्धान गरिरहेका पुष्पराज राज दुलालले धान खेती गर्दा रासायनिक मालको मात्र भर पर्न नपर्ने बताएका छन् । कृषकहरूले बढी उत्पादनको आशमा बढीनै रासायनिक मलको प्रयोग गर्दा देशमा मलको अभाव भएको र माटोको उर्वरा शक्ति घटेको उनको भनाइ छ ।

धन खेतीमा रासायनिक मलको भन्दा प्राङ्गारिक मलको भूमिका बढी रहेको उनले बताएका छन् । प्राङ्गारिक मलबाट बिरुवाले सन्तुलित खाद्यतत्व प्राप्त गरि राम्रो वृद्धि र विकास गर्दै धेरै उत्पादन दिने छन् ।

'माटोबाट लिएको धेरै जसो फस्फोरस तथा पोटास फेरी माटोमै फर्कन्छ तर हाम्रो देशमा धानको साथै सबै पराल पनि खेतबाट उठाउने हुँदा जमिनमा फस्फोरस तथा पोटासको कमी हुँदै गइरहेको' उनले बताए ।

उनले भने 'प्राङ्गारिक वा गोठको मल प्रशस्त नहुने ठाँउमा भने सन्तुलित रुपमा रासायनिक मल तथा शुक्ष्मतत्वहरुको प्रयोग गर्नु फाइदाजनक हुन्छ ।'

त्यस्तै प्राङ्गारिक मलको आपूर्तिका लागि कोसेवाली वा हरियो मलको प्रयोग पनि गर्न सकिन्छ । जसबाट प्राङ्गारिक पदार्थको आपूर्तिका साथै नाइट्रोजन लगायतका रासायनिक मलको आपूर्ति पनि हुनजान्छ ।'

जिल्लाको कतिपय ठाउँमा सिचाइँको व्यवस्थापन नहुदाँ बोरिङबाट पानी खेतमा लगाएर भएपनि रोपाइँ शुरु गरेका छन् । उनीहरूका अनुसार खेतमा हाल्ने मल छैन, काम गर्ने जनशक्ति पनि छैन, यस्तो अवस्थामा पनि धान रोप्नै पर्ने, मल नपाए यस वर्ष उत्पादन घट्ने चिन्तामा किसान छन् ।

# भिमाको मुटु शल्यक्रियाका लागि आर्थिक सहयोगको अपील

**राजेन्द्र महतो/मध्यान्ह**
विराटनगर, ५ असार

मुटुको भल्भमा समस्या देखिएपछि मोरङ विराटनगरकी एक महिलाले उपचारका लागि आर्थिक सहयोग गरिदिन सबैसँग याचना गरेका छन् । मोरङ विराटनगर -१० सोमबारी हटिया स्थायी घर भएकी २८ वर्षीय भिमा प्रधान मन्डलले उपचारका लागि आर्थिक सहयोग गरिदिन आग्रह गरेकी हुन् ।

लाउँलाउँ र खाउँखाउँको उमेरमा मुटु रोगका कारण उनलाई हिँडडुल गर्न मात्र होइन, बस्न र खानसमेत अप्ठ्यारो भएको छ । समस्या बढ्दै गएपछि उनी मुटुको उपचारका लागि धरानस्थित बिपी कोइरालामा भर्ना भएकी थिइन् । अहिले रकमको अभावले शल्यक्रियाको काम अगाडि बढ्न नसकेकोले घर फर्केको बिरामी भिमा प्रधान मण्डलले मध्यान्हलाई बताइन् ।एकाएक श्वास बढेर खाना चपाउन समेत नसकेपछि उनले खाना खान सकेकी छैनन् । शल्यक्रियाका लागि आवश्यक औषधि र अन्य सामान खरिदका लागि ५ लाख रुपैयाँ लाग्ने र त्यति पैसाको जोहो गर्न नसकेको उनले बताइन् ।

उनका सासू सासुरा बृद्ध अवस्थामा छन् । उनको परिवारलाई उपचारको रकम जुटाउन हम्मे-हम्मे परेको छ । उनका श्रीमान् गाडीमा सहचालकको काम गर्छन् । बेच्नका लागि उनीसँग कुनै जग्गा जमिन छैन । उनी बिराटनगरको सुकुम्बासी बस्तीमा बस्दै आइरहेको छ । मनकारी व्यक्तिको सानो सहयोगले भिमाले नयाँ जीवन पाउनेछन् । भनिन्छ 'एकले थुकी सुकी सयले थुकी नदी' । तपाई हाम्रो सानो सहयोगले उनको जीवन बाँच्न सक्छ । तसर्थ जे जति सकिन्छ आर्थिक सहयोग गर्न पछि नहटौं । आर्थिक सहायताका लागि विरामी भिमा प्रधानको मोबाइल नम्बर ९८०४०५८९७९ मा सम्पर्क गरेर सहयोग गर्न सकिनेछ ।

## डिभिजन वन कार्यालय
**दैलेख**

**काठ लिलाम सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०३/०६**

यस कार्यालयद्वारा विभिन्न मुद्दाको क्रममा तथा बेवारिसे अवस्थामा बरामद गरी जफत गरिएका साल तथा सल्लो जातको २५७.७४ क्यु.फि. गोलिया/चिरान काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । ईच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना यस कार्यालय वेभसाइट तथा सूचना पाटीमा टाँस गरिएको छ ।

**फोन नं.: ०८९-४२०१३२/वेभसाइट : dfodailekh.gov.np**
**डिभजनल वन अधिकृत**

## मलेसियामा रोजगार |
कम्पनी : U-FRESH SDN. BHD.
शहर: PETALING JAYA

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ चलानी नं.: ६०१८१२३६ LT. No.: 264794

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निः शुलक |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SIGNAL INTERNATIONAL PVT. LTD.** Govt. Lic. No. 758/064/065
P.O. Box. No: 25017, Kupondol, Lalitpur, Nepal, Tel.: +977-1-5905886 / 5905887 Fax: +977-1-5549999
Website: www.signalintel.com.np E-mail: signalintl21@gmail.com, dilipbhndr@gmail.com

# आठविसकोट नगरपालिकाको प्रवक्तामा घर्ती

**सत्य बटाला/मध्यान्ह**
रुकुम पश्चिम, ५ असार



आठविसकोट नगरपालिकाको प्रवक्तामा देव बहादुर घर्ती चयन भएका छन् । नगर कार्यपालिकाको दोस्रो बैठकले घर्तीलाई प्रवक्तामा चयन गरेको हो ।

त्यस्तै नगर कार्यपालिकाको सामाजिक विकास समिति नगर प्रमुख रवि केसीको संयोजकमा ५ सदस्य गठन गरेको छ । न्यायिक समितिमा उपप्रमुख धन कुमारी शाहीको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरिएको छ । सदस्यहरुमा सर्जनी कामी, गगन कुमार खत्री र सर्जने कामी रहेका छन् ।

उपप्रमुखकै संयोजकत्वमा वन वातावरण तथा विपद् व्यवस्थापन समिति र भौतिक पूर्वाधार विकास समितिमा वडा नम्बर ३ का वडा अध्यक्ष केसरमान विकको संयोजकत्वमा ५ सदस्य गठन गरिएको छ । विधेयक समितिमा वडा नम्बर ५ का वडा अध्यक्ष घनश्याम भण्डारीको संयोजकत्वमा ५ सदस्य गठन गरिएको हो ।

यस्तै सुशासन तथा संस्थागत विकास समितितर्फ वडा नम्वर १४ का वडा अध्यक्ष हुकुम बहादुर पुनको संयोजकत्वमा ५ सदस्य समिति र आर्थिक विकास समितिमा वडा नम्बर ७ का वडा अध्यक्ष अमृत बुढाको संयोजत्वमा ५ सदस्य समिति गठन गरिएको नवनियुक्त प्रवक्ता घर्तीले जानकारी दिए ।

## KUWAIT मा रोजगार |
कम्पनीः DEPA FOR GENERAL TRADING
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४४९२ LT. No.: 257815 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 2 | स. काममा दक्ष | 100 | ४०,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gold Govt. Lic. No. 1210/073/074
**GOLD OVERSEAS PVT. LTD.**
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/०६

यस कम्पनीको मिति २०७९/०३/०१ मा सम्पन्न विशेष साधारणसभाको बमोजिम साबिक कम्पनी **गणेश सिर्जनशिल बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं. ४९९५७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/०२ को निर्णयानुसार कम्पनीको नाम परिबर्तन गरी **जिना एकेडेमी प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/०६

यस कम्पनीको मिति २०७९/०२/१५ मा सम्पन्न विशेष साधारणसभाको बमोजिम साबिक कम्पनी **नारायणी पावर सोलुसन प्रा.लि. (प्रा.लि. नं. ६५०८६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/१९ को निर्णयानुसार कम्पनीको नाम परिबर्तन गरी **नारायणी पावर सोलुसन एण्ड कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/०६**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ४५४.५० क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**नवज्योति सामुदायिक वन उपभोक्ता समूह, भिमाद- १, तनहुँ**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०५/३१ मा दर्ता भएको **प्रा.लि.नं.९१६९** को **डिल्ली बजार सुपर मार्केट (प्रा. लि.)** को मिति २०७९/०३/०५ संचालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्वीडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.२८७, फोन नं. मो.९८५११६३७२३**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०३/०६**

**हिमालय लाभा कफी प्रा.लि.** को सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हिमालय ग्रिन्ड कफी प्रा.लि. (प्रा. लि. नं.: १४९४६९)**, कायम गर्ने गरी मिति २०७३/०५/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त सिनामंगल-९, काठमाडौं स्थित यस **बेबी एन्जल इन्टरनेशनल प्रा.लि.** श्रम इजाजत पत्र नं. **(इ.प.नं. ९४०/०६७/०६८)** मा कार्यरत म्यानेजिङ्ग पार्टनर, गडिया-८ सर्लाही, नागरिकता नं १९१०१५/१८, **उमेश महतो** र डकुमेण्टेसन अफिसर, निजगढ -७ बारा, नागरिकता नं ३३२१००/४५८५०, **निसा श्रेष्ठ**लाई यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

श्रम इजाजत नं. ९४०/०६७/०६८
**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
Airport (Near Prakash Sanyash Ashram) Sinamangal -9 Kathmandu, Tel : 4461353, 4461179
Email: babyangelintl@gmail.com, www.babyangelintl.com.np

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०३/०६**

**एम.एम. बरिष्टा कफी स्कूल प्रा.लि.** को मिति **२०७५/०४/१०** गते बसेको विशेष इसाधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माउन्ट स्ट्राडा बरिष्टा एकेडेमी प्रा.लि. (प्रा. लि. नं.: १७९१५४)** कायम गर्ने गरी मिति **२०७५/०४/२७** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# उर्लाबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

## दुग्धजन्य सामान खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**( प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७९/०३/०४ गते)**

१. उर्लावारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ्ग, योग्य शिलवन्दी दरभाउपत्रबाट, स्थानिय /राष्ट्रिय स्तरको खुल्ला शिलवन्दी दरभाउपत्रको माध्यमबाट दुग्धजन्य सामाग्रीहरु सप्लाई गर्न यो शिलवन्दी दरभाउपत्र आव्हन गर्दछ ।

२. योग्य शिलवन्दी दरभाउपत्रदातारूले यस सम्बन्धी थप जानकारीको लागि वा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:- खरिद कर्ता :- उर्लावारी न.पा. कार्यालय, मोरङ. मोबाईल नं :- ०२१५४०००० वा ९८५२०३०९१९ वा ९८५२६७६४१२

३. शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात यो सूचना कार्यालयबाट प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (अर्थात मिति २०७९।०३।१८ गते) सम्ममा कार्यालय समय भित्र तोकिएको राजश्व रकम रु. १,०००।- (पछि फिर्ता नहुने गरी) बुझाइ यस कार्यालयको जिन्सी शाखा (कोठा नं.-५) बाट खरिद गर्न सकिने छ ।

४. इच्छुक फर्म, कम्पनी, सप्लायर्स वा संस्थाले शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्दा आ.व. २०७८।०७९ सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, (PAN/VAT) नागरिकताको प्रमाणपत्र र आ.व.२०७७।०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखि प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।

५ शिलवन्दी दरभाउपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन (अर्थात मिति २०७९।०३।१९ गते) दिनको ठिक १२.०० बजे भित्र शिलबन्दी खाममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि शिलवन्दी दरभाउपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम,ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्ति द्धारा शिलवन्दी दरभाउपत्र फाराम नगरकार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता हुन आएको फाराम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ ।

६ दर्ता भएका शिलवन्दी दरभाउपत्र फारामहरु १६ औ दिन (अर्थात मिति २०७९।०३।१९गते) को दिनको ठिक २.०० बजे शिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । शिलवन्दीदरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलवन्दी दरभाउपत्र फाराम खोल्न बाधा पर्ने छैन ।

७. शिलवन्दी दरभाउपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. शिलवन्दी दरभाउपत्रको हकमा दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी क्रमश कम्तिमा ४५ दिनसम्मको लागि मान्य हुनेछ ।

९. दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

१०. शिलवन्दी दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ साथै कार्यालयबाट तयार गरिएको स्पेसिफिकेशन र गुणस्तर अनुसारको मेशिनरी औजारहरु मात्र सप्लाई गर्नु पर्ने छ । स्पेसिफिकेशनमा उल्लेखित गुणस्तर अनुसारको सामान सप्लाई नभएमा कार्यालय सामान बुझ्न बाध्य हुने छैन ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलव्ध गराईएको शिलवन्दी दरभाउपत्र कागजात अनुसार अन्य कुराहरुको हकमो सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा यस नगरपालिकाबाट जारी गरिएको सार्वजनिक खरिद नियमावली २०७५ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

**कामको विवरण**

| सि.नं | प्याकेज नं. | कार्यक्रमको नाम | इष्टीमेट रकम ( मु.अ.कर सहितको) | खरिदको माध्यम | फाराम दस्तुत | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १. | १४/ ०७८।०७९ | दुग्धजन्य सामाग्रीहरु खरिद | १६,००,०००। (अक्षेरेपी रु. सोह्र लाख मात्र) | शिलबन्दी दरभाउपत्र | १,०००।- | ४८०००।०० |

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
६ असार २०७९, सोमबार
20 June 2022, Monday

## सम्पादकीय

### कसले चलाउँछ देश ?

शनिबार मल बोकेको ट्रक किसानहरूले लुटेको सूचना मुख्य चासोमा पर्‍यो । तस्करले सीमापारिबाट मल ल्याएको सूचना पाएपछि किसानहरूले योजनावद्ध लुटेका थिए । मल लुट्नबाट सुरक्षाकर्मीले पनि सकेनन् । सायद सुरक्षार्थ खटिएकाहरूको पनि किसानप्रति दया जागेको हुन सक्छ । किनकि निहत्था किसानबाट सुरक्षाकर्मीले मल जोगाउने नसक्ने भन्ने कल्पना बाहिरको कुरा हो । तर किसानले मल लुटे, ट्रक रित्तियो । तस्करहरूले महँगो मूल्यमा बेच्न सीमापारीबाट सेटिङ्मा मल ल्याएको अनुमान गर्न सकिन्छ । किनकि मुलुकभर अहिले मलको हाहाकार छ, सरकारले मल दिन सकेको छैन । तस्करहरूले भने तिनै किसानको आश्वयकता देखेर ब्यापक नाफा कमाउने प्रयोजनले मल ल्याएको हुनुपर्छ ।

यसरी तस्करहरूले सीमापारीबाट मल ल्याउने र महँगोमा बिक्री गर्ने कार्य गर्दै आएको अनुमान पनि यो घटनाबाट सार्वजनिक भएको छ । यसअघि यस्ता घटना नभएकाले तस्करबाट मल आएको तथ्य सार्वजनिक हुन सकेको थिएन । तर जब किसानहरूले ट्रक रोकेर मल लुटे, यसपछि भने एकैपटक धेरै कुरा सार्वजनिक हुन पुग्यो । राज्यको लाचारी, तस्करहरूको धन्दा र वर्तमान अवस्थालाई यो घटनाले सतहमा ल्याइदिएको छ । तर पनि सरकारका अधिकारीहरूले किसानलाई मल उपलब्ध गराउने अवस्था नरहेको बताउने गरेका छन् । मलको अभाव वर्षेनिको दुख हो । तर सरकारले भने हरेक वर्ष कृषिको आधुनिकरण, यान्त्रिकरण र व्यावसायिकरणको नारा लगाउने गरेको छ । जबकी तथ्य भने किसानले सधैं मल अभावको सास्ती खेप्दै आएका छन् । मल नआउनुमा भने ठेकेदारलाई देखाएर सरकार पछिने गरेका छन् वा निर्यातकर्ता पक्षबाट भएको विलम्बलाई कृषि मन्त्रीले देखाउने गरेका छन् ।

मल लुटिने अवस्था, ठेकेदार वा निर्यातकर्ताका तर्फबाट हुने विलम्ब, तर राज्यको निरीहताले गम्भीर प्रश्न उठ्छ- आखिर देश कसले चलाउँछ ? यो प्रश्नलाई बलशाली बनाउने अन्य दृष्य र अभिव्यक्ति पनि यसैबेला देखिएको छ । जस्तो- पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अमेरिकी स्टेट पाटनरसीप प्रोग्राम (एसपीपी) सम्झौताबारे आफूलाई जानकारी नदिइएको एक कार्यक्रममा बताएका छन् । अर्थात् प्रधानमन्त्रीलाई नै थाहा नदिई गम्भीर सम्झौता समेत अगाडि बढ्ने गरेको ओलीको भनाइले पुष्टि गर्छ । यदि यी र यस्ता घटनामा अन्य कारण नभए यो गम्भीर विषय हो । एउटा सार्वभौम, स्वतन्त्र र संविधानको सर्वोच्चतामा अडिएको मुलुकका लागि गम्भीर बिमर्शके विषय हो । शासनसत्तामा बस्नेले मुलुकको हित र जनताको स्वार्थ बाहेक अरू तपसीलका कुरा हुन् भन्ने निष्कर्ष सहित राष्ट्रिय संकल्प गर्न जरूरी छ ।

# लेनिन र कम्युनिष्ट आन्दोलन

*सन् १९१७ मा भएको रुसी क्रान्तिले एक सय पाँच वर्ष पार गर्दैछ । त्यस क्रान्तिको नेतृत्व महान् लेनिनले गरेका थिए । मार्क्सवादमा आधारित भई गरिएको त्यस क्रान्ति नै बीसौं शताब्दीभर चलेको विश्वभरको मार्क्सवादी आन्दोलनको प्रेरक घटना र पथप्रदर्शक बन्यो ।*

अग्रलेख



● राजन तिमिल्सिना

विश्व कम्युनिष्ट आन्दोलनका नेता भ्लादिमिर लेनिनको जन्म २२ अप्रिल १८७० मा रुसको भोल्गा नदीको किनारमा रहेको सिम्बिर्स्क शहरमा भएको थियो । लेनिनको परिवार मध्यमवर्गीय थियो । आफ्नो जेठा दाजुको सहयोग, कठिन, परिश्रम र असाधारण प्रतिभाका कारण उनी उच्च शिक्षा हासिल गर्न सफल भएका थिए । केटाकेटीमा उनको नाम भ्लादिमिर इल्यिच उल्यानोभ थियो । लेनिन भन्ने नाम पछि मात्र राखिएको हो ।

लेनिनकी आमा मारिया अलेक्सान्द्रभ्ना डाक्टरकी छोरी थिइन् । घरमै शिक्षा पाएकी उनी थुप्रै विदेशी भाषाका ज्ञाता थिइन् । त्यस्तै साहित्य र सङ्गितप्रति सौखिन, दृढ स्वभाव, शान्त, मिलनसार, बुद्धिमान र दृढ निश्चयी पनि थिइन् । लेनिनका पिता इल्या निकोलायभिच उल्यानोभ त्यस समयका प्रगतिशील विचार राख्ने व्यक्ति थिए । उनले रुसी जनसाधारणका बीचमा शिक्षा प्रचार गर्ने, गाउँहरुमा स्कुल स्थापना गर्ने र भोल्गा तटवर्ती क्षेत्रहरुमा बस्ने गैररुसी जनजातिहरुको शिक्षादीक्षाका लागि महत्वपूर्ण योगदान गरेका थिए । उनीहरुका आन्ना, अलेक्सान्दर, भ्लादिमिर, ओल्गा, दिमत्री र मारिया गरी ६ सन्तान थिए । उल्यानोभ दम्पतीले आफ्ना सन्तानहरुलाई बहुपक्षीय शिक्षा दिए । यसका साथसाथै उनीहरुले आफ्ना सन्तानलाई परिश्रमी, इमानदार, सुशील, अनुशासित र कर्तव्यपरायण बनाउन महत्वपूर्ण योगदान गरे ।

संयोग नै मान्नुपर्छ कि, उल्यानोभ दम्पतीका सबै छोराछोरी पछि गएर क्रान्तिकारी बने । केटाकेटी छँदैदेखि नै लेनिन साहसी, प्रफुल्ल, ठट्यौली र मिजासका थिए । उनी पौडी खेल्न र स्कटिङ्ग गर्नमा असाध्यै रुचि राख्थे । पाँच वर्षको उमेरमा नै उनले लेखपढ गर्न सिकिसकेका थिए । नौ वर्षको उमेरमा सिम्बिर्स्क जिम्नेसियमको पहिलो दर्जामा भर्ना भए । असाधारण प्रतिभाका धनी लेनिन कक्षामा सधैँ प्रथम हुन्थे । आफ्ना सहपाठीहरुलाई सधैँ मद्दत गर्थे र कठिन विषयहरुमा उनीहरुलाई सहयोग गर्न अग्रसर हुन्थे ।

सानै उमेरमा लेनिनले पुश्किन, लेर्मन्तेभ, गोगल, तुर्गेनेभ, निक्रासभ, साल्तिकोभ सेद्रिन र टल्स्टोयका कृतिहरु अध्ययन गरिसकेका थिए । उनले त्यसबेला प्रतिबन्धित बेलिन्स्की, गेर्चेन, चेर्निसेभ्स्की, द्रोब्रोल्युबोभ र पिसारेभजस्ता क्रान्तिकारी डेमोक्रेटहरुका कृतिहरु पढ्न भ्याइसकेका थिए । त्यसबेलाका महान् वैज्ञानिक र जारशाही तथा भूदास प्रथाका कडा विरोधी नेर्निसेभ्स्कीको 'के गर्ने ?' उपन्यासले उनलाई प्रभावित पारेको थियो ।

युवा अवस्थाका लेनिनको चिन्तनशैलीमा परिवार, वरिपरिको वातावरण, प्रगतिशील रुसी साहित्यले निकै ठूलो प्रभाव पारेको थियो । रुसमा पुँजीवादी शोषणका साथसाथै सामन्ती उत्पीडन कायम थियो, जसले सहरीया मजदुर र गाउँले किसानहरुको जीवन दयनीय तुल्याएको थियो । जारशाही अत्याचार, जमिन्दार र पुँजीपतिहरुको दमन, मजदुर र किसानहरुको पददलित अवस्थाले किशोर लेनिनको हृदयमा शोषकहरुप्रति घृणा र शोषितहरुप्रति सहानुभूति पैदा गरेको थियो । जिम्नेसियम बसाइको क्रममै लेनिनको हृदयमा क्रान्तिकारी भावनाहरु पैदा भैसकेका थिए । लेनिनको परिवारिक बनोट नै क्रान्तिकारी किसिमको थियो । लेनिन आफ्नो दाजु अलेक्जेन्डरको व्यक्तित्वबाट निकै प्रभावित थिए । लेनिनका दाजु अलेक्जेन्डर पिटस्वर्ग विश्वविद्यालयको विद्यार्थी छँदा जारशाहीविरुद्ध क्रान्तिकारी संघर्षमा सक्रिय रुपमा सहभागी हुन्थे । आफ्ना जेठा दाजुबाट नै लेनिनले मार्क्सवादी साहित्यको प्रारम्भिक ज्ञान हासिल गरेका थिए ।

सन् १८८६ मा लेनिनका पिताको अकस्मात निधन भयो । परिवारले यो पीडा बिर्सन नपाउँदै मार्च १८८७ मा उनका दाजु अलेक्जेन्डर पिटर्स्वर्गमा गिरफ्तार भए । उनलाई तत्कालीन रुसी जारशाही शासक अलेक्जेन्डर तृतीयको हत्याको षडयन्त्रमा संलग्न भएको आरोपमा त्यसै वर्षको मे महिनामा स्लिसेल्बर्ग किल्लमा फाँसी दिइयो । त्यसले लेनिनलाई ठूलो चोट पुर्‍यायो । उनले आफ्नो सम्पूर्ण जीवन क्रान्तिकारी संघर्षमा लगाउने संकल्प गरे । क्रान्तिकारी कामको लागि आफूलाई तयार गर्दै किशोर लेनिनले सामाजिक विज्ञानहरुको गम्भिरतापूर्वक अध्ययन गरे । स्वर्ण पदकसहित जिम्नेसियमको आफ्नो अध्ययन सकेपश्चात् अगस्ट १८८७ मा उनी काजान विश्वविद्यालयको कानुन विभागमा भर्ना भए ।

डिसेम्बर १८८७ मा अठार वर्षीय लेनिन जारशाहीविरुद्ध क्रान्तिकारी संघर्षमा होमिएका कारण विश्वविद्यालयबाट निष्कासित हुनुका साथै गिरफ्तार पनि भए । उनी काजान गुबेर्नियाको कोकुसकिनो गाउँमा निर्वासनमा पठाइए । विस्तारै-विस्तारै लेनिनको गतिविधिमाथि प्रशासनले कडा निगरानी राख्न सुरु गर्‍यो । निर्वासनकालमा उनी बिहान उठेदेखि बेलुका सुत्ने बेलासम्म पढ्थे । उनको निर्वासनकाल एक वर्षको थियो । काजान बसाइको क्रममा उनी रुसी क्रान्तिकारी नि.ए. फेदोसेएफले गठन गरेको समूहको सदस्य बने । त्यो बेला सामाजिक क्रान्तिका लागि जर्मन दार्शनिक तथा क्रान्तिकारी नेता कार्ल मार्क्सले जर्मनीकै अर्का दार्शनिक फ्रेडरिक एङ्गेल्ससँगको सहकार्यमा प्रतिपादन गरेको दर्शन तथा सिद्धान्तहरुबारे चर्चा सुरु भएको समय थियो ।



*जेलमा रहँदै लेनिनले मार्क्सवादी पार्टीको पहिलो कार्यक्रमको मस्यौदा तयार पारे र यस कार्यक्रमको व्याख्या गरे । रोचक तथ्य यो छ कि लेनिन आफ्ना क्रान्तिकारी लेखहरु, किताब र पत्रिकाहरुका हरफहरुको बीचमा दूधले लेख्थे । यसरी लेखिएका अक्षरहरु देखिँदैनथे, तर कागज तताएपछि यी अक्षरहरु पढ्न सकिन्थ्यो ।*

मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित दर्शन तथा सिद्धान्तलाई मार्क्सवाद भनिन्छ । नि.ए. फेदोसेएफ रुसका प्रथम मार्क्सवादी थिए । उनीबाटै प्रभावित भई लेनिनले पनि काजानमा मार्क्सवादको अध्ययन सुरु गरे । मार्क्सवादको अध्ययनबाट लेनिनले सर्वहारा श्रमिक वर्गलाई पुँजीपति वर्गको शोषणबाट मुक्ति दिलाउन पुँजीवादी राज्यसत्तालाई ध्वंश गरी समाजवादी राज्यसत्ता स्थापना गर्नुपर्ने कुरा सिके । (कार्ल मार्क्सका अनुसार निजी सम्पत्तिको नाममा केही नभएका, काम गर्ने औजारसमेत पनि आफ्नो नभएका औद्योगिक मजदुरहरु नै सर्वहारा श्रमिक हुन् ।) जुनबेला लेनिन क्रान्तिकारी आन्दोलनमा उत्रिँदै थिए, पश्चिम युरोपको मजदुर आन्दोलनमा मार्क्सवादी विचारधाराले ठाउँ लिइसकेको थियो । र, त्यो क्रमश: रुसतिर फैलिँदै थियो । गेओर्गो प्लेखानोभ रुसमा मार्क्सवादका पहिलो प्रमुख प्रचारक थिए । लेनिनले मार्क्सको प्रमुख कृति 'पुँजी'को गहन अध्ययन गरे । युवा उमेरमा नै आफ्नो वाक्पटुताले अरुलाई आकर्षित गर्ने र विश्वास दिलाउने क्षमता लेनिनमा थियो । मे १८८९ तिर लेनिन आफ्नो परिवारसहित काजानबाट सामरा गुवेर्निया आए र सामरा बसाइको क्रममा उनले मार्क्स र एङ्गेल्सका कृतिहरुको कठोर अध्ययन जारी राखे । उनले ल्याटिन ग्रिक, जर्मन, फ्रेन्च र अंग्रेजी भाषाको गम्भीर अध्ययन गरे । यसै समयमा उनले मार्क्स र एंङ्गेल्सले संयुक्त रुपमा लेखेका महत्वपूर्ण कृति 'कम्युनिस्ट घोषणापत्र'लाई जर्मन भाषाबाट रुसी भाषामा अनुवाद गरे ।

तर, लेनिनले घरमै बसेर विश्वविद्यालयको चार वर्षे अध्ययन पूरा गरे । सन् १८९१ मा उनले पिटर्सवर्ग विश्वविद्यालयको कानुन विभागमा प्राइभेट जाँच दिए । उनी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भए । र, वकिल बने । त्यही क्रममा सन् १८९२ बाट लेनिनले सामराको जिल्ला अदालतमा वकालत गर्न सुरु गरे । उनी गरिब किसानहरुको पक्षमा वकालत गर्थे । सन् १८९२ मा लेनिनले सामरामा पहिलो मार्क्सवादी अध्ययन मण्डल खोले । तेइस वर्षे युवक लेनिनमा सरलता, सहृदयता र उत्साहका साथै गम्भीरता, गहन ज्ञान, कठोर तर्कशीलता, स्पष्ट र उत्कृष्ट विवेकशक्तिको गजबको समिश्रण पाइन्थ्यो । पिटर्सवर्ग बसाइका क्रममा ठूलो स्फूर्ति र अभिलाषासहित लेनिन क्रान्तिकारी कार्यमा संलग्न भए । उनी क्रान्तिकारी मजदुरहरुका राजनीतिक पार्टी खोल्नतिर लागे । त्यही क्रममा सन् १८९५ मा लेनिनले पिटर्सवर्गका मार्क्सवादी अध्ययन मण्डलहरुलाई एउटै राजनीतिक संस्थाको रूपमा संगठित गरे । पछि गएर यस संस्थालाई मजदुर वर्गको मुक्ति संघर्ष संघ नाम दिइयो । सन् १८९६ मा त्यस संघले पिटर्सवर्गका कपडा कारखानाहरुका मजदुरहरुको विख्यात हड्तालको नेतृत्व गर्‍यो । उक्त हड्तालमा ३० हजारभन्दा बढी मिल मजदुरहरुले भाग लिएका थिए । यस संघले सम्पूर्ण रुसमा क्रान्तिकारी आन्दोलनको विकासका लागि प्रेरणा र मजदुर वर्गको मार्क्सवादी पार्टीको गठन गर्ने वातावरण तयार गर्‍यो । आन्दोलनका कारण भयभित भएको जारशाही सरकारले डिसेम्बर १८९५ मा लेनिनसहित संघका बहुसंख्यक कार्यककर्ताहरुलाई गिरफ्तार गर्‍यो ।

लेनिनले पिटर्सवर्गको जेलको एकान्त कोठामा चौध महिनाको कठोर जीवन बिताए । जेलमा रहँदै लेनिनले मार्क्सवादी पार्टीको पहिलो कार्यक्रमको मस्यौदा तयार पारे र यस कार्यक्रमको व्याख्या गरे । रोचक तथ्य यो छ कि लेनिन आफ्ना क्रान्तिकारी लेखहरु, किताब र पत्रिकाहरुका हरफहरुको बीचमा दूधले लेख्थे । यसरी लेखिएका अक्षरहरु देखिँदैनथे, तर कागज तताएपछि यी अक्षरहरु पढ्न सकिन्थ्यो । जेलमा रहँदै लेनिनले आफ्नो प्रख्यात कृति 'रुसमा पूँजीवादको विकास' लेख्न सुरु गरे । लेनिन जेलमा अनुशासनको कडा पालना, कडा परिश्रम र सुत्नु अगाडि नियमित रुपमा व्यायाम गर्थे । पिटर्सवर्गमा लेनिन मजदुरवर्गका नेता र संगठनकर्ताको रुपमा देखापरे । उनले क्रान्तिकारी आन्दोलनको सैद्धान्तिक व्याख्या गरे र रुसमा सर्वहारा पार्टी गठन गर्न जग तयार गरे । लेनिनको क्रान्तिकारी क्रियाकलापद्वारा त्रसित जारशाही सरकारले लेनिनलाई १३ फ्रेबुअरी १८९७ मा तीन वर्षको लागि पूर्वी साइबेरियामा गई बसोबास गर्नुपर्ने निर्वासनको सजायँ दियो । साइबेरियाको निर्वासनका बेला उनले गोप्य रुपमा गाउँका गरिब किसानहरुका पक्षमा वकालत गर्न थाले । एकपल्ट उनले सुनखानीको एक मजदुरलाई खानीको मालिकविरुद्धको मुद्दा जित्न मद्दत गरे ।

लेनिनको साइबेरिया निर्वासनको एक वर्षपछि रुसको क्रान्तिकारी आन्दोलनकी नेतृ क्रुप्स्काया साइबेरियाको सुसेन्सकोये गाउँ आइपुगिन् । उनीसँग आन्दोलनकै क्रममा लेनिनको यसअघि नै पिटर्सवर्गमा भेटघाट र चिनापर्ची भइसकेको थियो । आन्दोलनमा सँगसँगै हिँड्ने क्रममै लेनिन र क्रुप्स्कायाबीच प्रेम सम्बन्ध भइसकेको थियो । उनीहरुले साइबेरियामै विवाह पनि गरे । निर्वासनमै लेनिनले सन् १८९९ मा आफ्नो पुस्तक 'रुसमा पूँजीवादको विकास' पूरा गरे । यस कृतिमा रुसको आर्थिक विकासबारे गहन वैज्ञानिक अनुसन्धान गरिएको थियो । यो पुस्तक छिटै प्रगतिशील बुद्धिजीवी, विद्यार्थी र मजदुर अध्ययन मण्डलहरुमा फैलियो । लेनिन निर्वासनमै रहेका बेला मार्च १८९८ मा मिन्स्क सहरमा भएको रसियाली सामाजिक जनवादी मजदुर पार्टीको पहिलो महाधिवेशनमा पार्टी स्थापना भएको घोषणा गरियो ।

निर्वासनबाट फर्केपछि लेनिन सन् १९०० भरि क्रान्तिकारी मजदुर पत्रिका अखिल रसियाली राजनीतिक पत्रिका प्रकाशनको तयारीमा लागे । मे १९०० मा पार्टी निर्माणको लागि पिटर्सवर्गको गोप्य भ्रमण गर्दा लेनिन गिरफ्तार भए, तर खानतलासीको क्रममा केही नभेटेपछि उनले छुटकारा पाए । जारशाही सरकार लेनिनलाई आफ्नो ठूलो शत्रु ठान्थ्यो । त्यसैले देशभित्र बस्ने अवस्था नभएपछि लेनिन १६ जुलाई १९०० मा जर्मनीतर्फ लागे । यही अवधिमा लेनिनले अखिल रसियाली क्रान्तिकारी पत्रिकाको रुपमा 'इस्क्रा' (फिलिङ्गो) को प्रकाशन प्रारम्भ गरे । लेनिन अखबारको मुटु थिए । यस पत्रिकामार्फत् उनले कसरी पार्टी गठन गर्नुपर्छ कसरी आम जनसमूहहरुलाई पार्टी कामतर्फ आकर्षित गर्ने हो भन्ने बारे लेखहरु प्रकाशित गरे । सन् १९०१ देखि भ्लादिमिर इल्यिचले आफ्ना केही लेखहरु लेनिन नामबाट छपाउन थाले । 'इस्क्रा' पत्रिकामा काम गर्दागर्दै लेनिनले साइबेरियाली नदी लेनाबाट आफ्नो उपनाम राखेका थिए ।

सन् १९०२ मा लेनिनको कृति 'के गर्ने' प्रकाशित भयो । उक्त पुस्तकमा लेनिनले सर्वहारा मार्क्सवादी पार्टीको निर्माणसम्बन्धी विस्तृत योजना प्रस्तुत गरेका थिए । त्यस्ता किसानहरुलाई पार्टी कार्यक्रम बुझाउने उद्देश्यले लेनिनले सन् १९०३ मा 'गाउँका गरिबहरुलाई' शीर्षकको लेख लेखे । उक्त लेखमा सरल र स्पष्ट भाषामा मजदुर पार्टीको उद्देश्य के हो र किन गरिब किसानहरु र मजदुरहरुबीच एकता कायम हुन आवश्यक छ भन्ने कुरा देखाइएको थियो ।

सन् १९१७ मा भएको रुसी क्रान्तिले एक सय पाँच वर्ष पार गर्दैछ । त्यस क्रान्तिको नेतृत्व महान् लेनिनले गरेका थिए । मार्क्सवादमा आधारित भई गरिएको त्यस क्रान्ति नै बीसौं शताब्दीभर चलेको विश्वभरको मार्क्सवादी आन्दोलनको प्रेरक घटना र पथप्रदर्शक बन्यो ।

## सामाजिक सञ्जाल



- सरल सुमन

नेपालमा संसदीय व्यवस्थाको वकालत गर्ने मुख्यदल नेपाली कांग्रेस हो । अझै पनि कांग्रेसलाई संसदीय व्यवस्थामा साँचो विश्वास छ भने संसद र संसदीय समिति छल्ने/भाग्ने प्रधानमन्त्रीलाई कांग्रेसले कारबाही गर्न सक्नुपर्छ । संसदलाई अस्वीकार गर्ने प्रधानमन्त्रीको राजीनामा मागौ ।



- प्रेम घर्तीमगर

अर्थमन्त्री जनार्दन शर्मालाई हटाउँदा प्रचण्ड बिच्किएलान् भन्ने डर, मन्त्री प्रेम आलेलाई हटाउँदा माधव बिच्किएलान् भन्ने डर ! यी दुई मध्ये कुनै एक मन्त्रीलाई हटाउने हो भने गठबन्धन धरापमा पर्ने निश्चित छ । अदालतको आदेशमा पाएको प्रधानमन्त्री पद गुम्ने डरले गर्दा देउवा मौन बस्न बाध्य छन् ।



- कृष्ण घिमिरे

देउवा अविश्वसनीय । एसपीपीलाई कतै बाह्रबुँदे जामा पहिऱ्याएर, सर्वदलीय सहमतिको नाटकले स्वीकृति पो दिने हन् कि ? यिनीहरूको के विश्वास, महाकालीदेखिको अटेऱ्याईँ अझै कायम छ । जनताप्रति जवाफदेही नभएपछि के लाग्छ ?



- निर्मल प्रसाइँ

सेनालाई राजनीतिक दलहरूले जबर्जस्ती विवादमा घसेटिरहेका छन् एसपीपी सम्झौता प्रकरणमा । आदेश दिने मन्त्री, प्रधानमन्त्री चैं चोखो । पराक्रमी सेना यि छुटभैया नेतासँग डराउनु पर्दैन, कसले यस्तो परिबन्दमा पार्‍यो, नाम खुलासा गर्नुस्, जनता साथमा छौँ ।




- रामकुमार श्रेष्ठ

भारतको ५५ हजार टन गहुँ टर्कीमा अस्वीकृत भएपछि इजिप्टमा पठाउँदा त्यहाँ पनि अस्वीकार गरियो – सडेकोले रूबेला भाईरस हुन सक्ने आशंकामा । यो गहुँ शुरूमा नेदरल्याण्डको एक कम्पनीसँग डिल गरिएको थियो । नेपालमा भए जतिसुकै कुहिएको भए पनि भित्र्याइन्थ्यो । त्यही गहुँ नेपाल भित्रिन बेर छैन है ।

# एसपीपी र भूराजनीतिक द्वन्द्व

विचार



● रामराज रेग्मी

प्रधानमन्त्री शेरबहादुर देउवा असार अन्तिम साता राष्ट्रपति जो वाइडेनको औपचारिक निमन्त्रणामा अमेरिकाको भ्रमणमा जाने तयारीमा छन् । प्रधानमन्त्री देउवाभन्दा अघि प्रधानसेनापति प्रभुराम शर्मा त्यहाँ जाने कार्यक्रम छ । यसरी दुवैजना भ्रमणमा किन जाँदैछन् त ? आज राजनीतिक वृत्तमा यो निकै चासो र खोजीको विषय भएको छ ।

नेपाल भ्रमणमा आएका अमेरिकी सेनाका एसिया-प्रशान्त क्षेत्र प्रमुख चार्ल्स ए फ्लिनले नेपाल सरकारसँग स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी)को प्रस्ताव राखेको कुरा बाहिर प्रकाशमा आएको छ । प्रधानसेनापति र प्रधानमन्त्री त्यही प्रस्तावलाई मूर्त रूप दिन अमेरिका जान लागेको तथ्य सार्वजनिक भएका छन् । प्रधानमन्त्री देउवा नजिकका सांसद मिनबहादुर विश्वकर्माले नेपाली सेनाको सशक्तीकरण, आधुनिकीकरण र क्षमता बृद्धिका लागि उक्त सम्झौता गर्न लागिएको भनि प्रष्ट पारेका छन् । जुन सार्वजनिक सञ्चारमाध्यममार्फत बाहिर आएका छन् ।

**केहो एसपीपी ?**

अहिले राजनीतिक वृत्तमा एसपीपी प्रस्तावप्रति निकै आशंका, सशंय र विरोध देखिन्छ । तर, कतिपयले यसलाई बुझेर विरोध गरिरहेका छन् त कतिपयले नबुझी विरोध गरिरहेका छन् । यहाँ स्टेट पार्टनरसीप प्रोग्रामबारे स्पष्ट पार्ने कोशिस गरिएको छ ।

स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) भनेको अमेरिकी सेनाको मातहतमा रहेको नेशनल गार्ड र साझेदार देशबीचको

*नेपाल अमेरिकाको निम्ति चीनविरुद्धको रणनीतिक स्थल हो । यसर्थ, अमेरिका नेपाललाई चीनविरुद्ध लड्ने युद्ध मैदान बनाउन चाहन्छ । अमेरिका जे-जसरी रुसका विरुद्ध युक्रेनलाई प्रयोग गर्‍यो, त्यही शैलीमा चीनविरुद्ध नेपाललाई प्रयोग गर्न खोज्दैछ । एसपीपीको प्रस्ताव सोही योजनाअनुसार आएको कुरामा दुविधा छैन ।*

संयुक्त सुरक्षासम्बन्धि परियोजना हो । जसको काम आतंककारी गतिविधिलाई नियन्त्रण गर्ने भनिएको छ । यसको स्थापना सन् १९९१ मा तत्कालिन शोभियत संघविरुद्ध लड्न खडा भएको थियो । तत्कालिन सोभियत संघको विघटन पछि त्यसको प्रभावमा रहेका देशहरुलाई आफ्नो प्रभावमा ल्याउन यसको निकै प्रयोग गरेको थियो ।



अमेरिकी र युरोपेली मिलेर बनेको यो सैन्य संरचनामा हाल ९३ देश आवद्ध छन् भने ८५ देश साझेदारका रुपमा रहेका छन् । एसपीपीको आधिकारिक वेभसाइटमा नेपाललाई पनि सन् २०१९ मै यसको साझेदार मुलुक बनिसकेको उल्लेख छ ।

तत्कालिन जुन प्रयोजनले ल्याएको भएपनि अहिले एसपीपीको उद्देश्य हिन्द-प्रशान्त रणनीतिलाई थप बल प्रदान गर्ने भन्ने छ । एसपीपी एसिया क्षेत्रमा मुख्यत: चीनविरुद्ध केन्द्रीत देखिन्छ । अमेरिका चीनका छिमेकी देशमा एसपीपीमार्फत प्रवेश गरी आफ्नो सैन्य योजना पुरा गर्ने ध्याउन्नमा छ ।

**निष्कर्षमा,**

स्पष्ट छ, अमेरिकाले नेपाललाई एमसीसीको चंगुलमा फसाइसकेको छ । १२ बुँदे व्याख्यात्मक घोषणाको लेपन लगाएका यहाँका शासकले अमेरिकालाई वैधानिक रुपमा प्रवेश गराएका छन् । एमसीसी पछि अमेरिका एसपीपीमार्फत थप ठूलो आकारमा प्रवेशको तयारीमा छ ।

नेपाल अमेरिकाको निम्ति चीनविरुद्धको रणनीतिक स्थल हो । यसर्थ, अमेरिका नेपाललाई चीनविरुद्ध लड्ने युद्ध मैदान बनाउन चाहन्छ । अमेरिका जे-जसरी रुसका विरुद्ध युक्रेनलाई प्रयोग गर्‍यो, त्यही शैलीमा चीनविरुद्ध नेपाललाई प्रयोग गर्न खोज्दैछ । एसपीपीको प्रस्ताव सोही योजनाअनुसार आएको कुरामा दुविधा छैन । अत: यस षडयन्त्रको भण्डाफोर गर्नु आम देशभक्त नागरिकका लागि आजको आवश्यकता बनेको छ ।

# देशको दक्षिणी भाग पुनः फिर्ता ल्याउने जेलेन्स्कीको प्रतिबद्धता



**काठमाडौं/एजेन्सी–** राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले आइतबार आफ्नो सेनाले 'दक्षिणी भाग कसैलाई नदिने' वाचा गरेका छन् । उनले त्यसलाई पुनः फिर्ता ल्याउन आफूले निर्णायक कदम चाल्ने बताएका छन् । सुरक्षा फ्रन्टलाइनको भ्रमणका क्रममा उनले सो कुरा बताएका हुन् । यसैबीच नेटोका प्रमुखले युक्रेनमा युद्ध लामै समयसम्म जारी रहन सक्ने चेतावनी दिएका छन् ।

किभ बाहिर दुर्लभ यात्रा गर्ने क्रममा राष्ट्रपतिले होल्ड-आउट ब्ल्याक सी शहर माइकोलाइभको यात्रा गरेको र नजिकै रहेको ओडेसा रेगमा सैन्य क्याम्पको भ्रमण गरेका हुन् । 'हामी दक्षिण कसैलाई दिनेछैनौं, हामी हाम्रो सबै चीज फिर्ता गर्नेछौं र युक्रेन र युक्रेनी सुरक्षित रहनेछन्,' उनले किभ फर्कने क्रममा टेलिग्राममा पोस्ट गरिएको भिडियोमा सो कुरा जनाइएको छ । भ्रमणका क्रममा आफूले सेना र प्रहरीसँग कुराकानी गरेको पनि उनले बताएका छन् । यसैबीच नेटोका महासचिव जेन्स स्टोल्टेनबर्गले चेतावनी दिदै युद्ध लामो समय जान सक्ने र 'हामी यसका लागि वर्षौंसम्म तयार रहनुपर्छ' भनेका छन् । जर्मन दैनिक पत्रिका बिल्डसँग कुरा गर्दै, स्टोल्टेनबर्गले भने, 'हामीले युक्रेनलाई हाम्रो समर्थनमा कमजोर हुन दिनु हुँदैन, यद्यपि लागतहरू उच्च भए पनि सैन्य सहयोगको हिसाबले मात्र होइन तर ऊर्जा र खाद्यान्नको मूल्य बढेको कारण पनि यो जटिल भएको छ ।' रूसी सेनाले हालैका हप्ताहरूमा युक्रेनको पूर्वी र दक्षिणमा आफ्नो फायरपावरलाई निर्देशित गरेको छ किनभने तिनीहरूले क्यापिटल लिने प्रयासमा असफल भएका छन् । 'नोक्सानी ठूलो छ। धेरै घरहरू ध्वस्त भएका छन् । नागरिक रसद अवरुद्ध छ। त्यहाँ धेरै सामाजिक समस्याहरू छन्,' जेलेन्स्कीले भने । 'मैले आफ्ना प्रियजनहरू गुमाएका मानिसहरूलाई थप प्रणालीगतरूपमा सहयोग गर्ने जिम्मेवारी दिएको छु । हामी पक्कै नष्ट भएका सबै चीजहरू पुनर्स्थापित गर्नेछौं। रुससँग हाम्रा मानिसहरूको बाँच्ने इच्छा जति मिसाइलहरू छैनन्,' उनले भने ।

ओडेसाको रणनीतिक ब्ल्याक सी बन्दरगाहको बाटोमा रहेको माइकोलाइभ रूसको लागि प्रमुख लक्ष्य हो। 'त्यहाँ एउटा अभिव्यक्ति छः सबैभन्दा खराबको लागि तयार हुनुहोस् र सबैभन्दा राम्रो आफैं आउनेछ,' पूर्वी लुगान्स्क क्षेत्रका गभर्नर सर्गी गैडेले एएफपीलाई युक्रेनी-नियन्त्रित शहर लिसिचान्स्कबाट सेभेरोडोनेत्स्क नदी पार गरेको अन्तर्वार्तामा भनेका छन्, 'अवश्य पनि हामीले तयारी गर्नुपर्छ ।'

# आसाम र मेघालयमा बाढी, ६२ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** अविरल वर्षासँगै राज्यका विभिन्न भागमा बाढीपहिरोमा परी कम्तिमा ६२ जनाको मृत्यु भएको छ भने ३२ जिल्लाका ३१ लाख सर्वसाधारण प्रभावित भएका छन् । आसाम राज्य प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार बाढीमा परेर ५१ र पहिरोले पुरिएर ११ जनाको मृत्यु भएको छ। मृतकको सङ्ख्या अझ बढ्ने आशंका गरिएको छ। बाढीमा परी आठ जना हराइरहेका छन् । बाढीबाट राज्यका बजाली, बक्सा, बारपेटा, विश्वनाथ, बोङगाईगाउँ, कछार, दराङ, धेमाजी, धुब्री, डिब्रुवढ, गोलपारा, कार्बीआङलोङ, सोनितपुर, नलवारी, करीमगञ्ज, दक्षिण सालमारा, तामुलपुर, तीनसुकियालगायत ३२ जिल्लाका ३१ लाख सर्वसाधारण प्रभावित भएका छन् ।

पीडितहरूको उद्धार तथा राहतका लागि जिल्ला प्रशासनले पाँचसय १४ राहत शिविर एवम् तीनसय दुई राहत सामग्री वितरण केन्द्र स्थापना गरेको छ ।

हाल एक लाख ५६ हजार तीनसय ६५ जनालाई राहत शिविरमा आश्रय दिइएको छ । राज्यका चार हजार दुईसय ९१ गाउँ बाढीको चपेटामा परेको छ भने ६६ हजार खेतीयोग्य जमिन जलमग्न भएको छ। बाढीबाट २५ लाखभन्दा बढी चौपाया पनि प्रभावित भएका छन् ।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **मियोन इन्टरनेशनल प्रा. लि. (श्रम इजाजत पत्र नं. (१२६३/०७४/०७५)** मा निम्न पदहरुमा कार्यरत निम्न कमाचारीहरुलाई आफ्नै निजि कामको व्यस्तताले गर्दा कार्यालयको काम गर्न असमर्थताले गर्दा मिति **२०७९।०१।०१** गतेदेखि यस प्रा.लि.बाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराउदछौं साथै तल उल्लेखित व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न र नगराउनु हुन यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ । निम्न हटाईएको कर्मचारीहरुसँग कुनै आर्थिक कारोवार गरेमा प्रा.लि. जिम्मेवार नहुने यसै सूचनाद्धारा सबैमा जानकारी गराउँदछौं ।

| सि.नं. | कर्मचारीहरुको पद | कर्मचारीहरुको नाम | नागरिकता नम्बर |
|---|---|---|---|
| १. | श्रम प्रतिनिधि | प्रेम चन्द्र नेम्वाङ | ०२०१०६६०५३१३ |
| २. | लेखापाल | स्वास्तिका राई | ०००० |
| ३. | पिआरओ | बिनोद बहादुर क्षेत्री | २८५७७ |
| ४. | स्वीपर | निर्मल कुमाल | १०६९१४ |
| ५. | श्रम प्रतिनिधि | शंकर भट्ट | १००४/६९२ |
| ६. | मार्केटिङ प्रबन्धक | कुमार केरुङ | १४६२१/५१५/४८ |

**Miyon International Pvt. Ltd.**
श्रम इजाजत नं. १२६३/०७४/०७५
Sinamangal-9, Kathmandu, Nepal | TEL:+977-01-4483178 , Fax : +977-01-4493564
Email : miyon.international@gmail.com , Website :miyoninternational.com



## सेभेन इलाइट एग्रिकल्चर प्रोडक्सन एण्ड रिसर्च सेन्टर प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७१/०९/२२ मा दर्ता भएको **सेभेन इलाइट एग्रिकल्चर प्रोडक्सन एण्ड रिसर्च सेन्टर प्रा.लि.(दर्ता नं. १३०६३६)** को मिति २०६९/०१/१५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९९९९६**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/११/११ मा दर्ता भएको **प्रा.लि. नं. २५६७९९** को **एच. डि. फोर्टिन ग्रुप्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



## Cyprus मा बैदेशिक रोजगारको अवसर

१.कम्पनी:- Mavromatis Employment Bureau Ltd, Larnaca, Cyprus — पुनःविज्ञापन
पूर्व स्वीकृति मिति : २०७८/१२/१० — चलानी नम्बर:- ६०१७६४५२ — Lt No: 260152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | ने.रु. | हप्तामा कामगर्ने दिन | दैनिक कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | - | 11 | काममा दक्ष | 314 | ४१,१७०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले तिर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १५००/- | रु. ४०,०००/- |

**अन्तर्वार्ता २०७९ असार १३ गते (27 June, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।**

[illegible]

**APPS SERVICES PVT. LTD.**
श्रम इजाजत नं. [illegible]
बालकुमारी-८, ललितपुर. फोन नं. ५१८६०१८ फ्याक्स:- ५१८६०३० Email: infoapps1172@gmail.com



## साउदीमा रोजगारको अवसर |

कम्पनी : RIYADH CEMENT COMPANY
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०३/०५ — चलानी नं.: ६०१८१३२३ — LT. No.:265350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 1 | 0 | सम्बन्धित कामका दक्ष | 2200 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 5 | 0 | | 1800 | ५९,७७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com



## मलेसियामा रोजगारको रोजगार |

कम्पनी: BEDCO SISTEM (M) SDN BHD
शहर:SELENGOR
पूर्व स्वीकृत मिति: २०७९/०२/०४ — चलानी नं.: ६०१७९२९७ — LT. No.: 263112 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com



## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: LADANG TERNAKAN PRUDENCE SDN BHD — शहर: MELAKA
पूर्व स्वीकृत मिति: २०७९/०३/०३ — चलानी नं.: ६०१८१२५० — LT. No.: 265286

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Blue Ocean Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com



## मलेसियामा रोजगारको अवसर |

कम्पनी : PRESS METAL ENGINEERING SDN. BHD.
शहर : MALAYSIA
पूर्व स्वीकृती मिति: २०७६/११/१९ — चलानी नं.: ६०१५२८३९ — LT. No.: 234502 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३३,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.**
श्रम इजाजत नं. ३७९/०५९/६०
G.P.O. Box: 8973, Npc: 577, पिंगलास्थान, विजयचोक, काठमाडौं, फोन: ४४९८७९२, फ्याक्स: ४४९६९८७
E-mail : dproton2211@gmail.com, Web.: www.dproton.com.np



## Malaysia मा रोजगार |

कम्पनी: NHK MANUFACTURING (MALAYSIA) SDN BHD
शहर : JALAN
पूर्व स्वीकृत मिति: २०७९/०३/०५ — चलानी नं.: ६०१८१३४२ — LT. No.: 265084

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 40 | स. काममा दक्ष | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260, 9823729649, 9808763291
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com



## साउदीमा रोजगार |

कम्पनी : AL-RAKABI TRANSPORT CORPORATION
. शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/०३/०५ — चलानी नं.: ६०१८१३३१ — LT. No.: 264420

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Men's Barber | 1 | 0 | स. काममा दक्ष | 1500 | ४९,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १४ गते (28 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Simangal-09, Kathmandu, Nepal
Phone : 01-4986339
Email:Gcdworldwide2@gmail.com



## कतारमा रोजगारको अवसर |

कम्पनी: AL DIKSHYA CLEANING HOSPITALITY & SERVICES WLL
शहर: DOHA
पूर्व स्वीकृत मिति:२०७९/०३/०५ — चलानी नं.:६०१८१३३२ — LT. No.:265261

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistance | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1400 | ४७,९०८ | | | | | | | |
| 3. | Foreman | 3 | 0 | | 2500 | ८५,५५० | | | | | | | |
| 4. | Gen Clean Worker | 13 | 0 | | 1200 | ४१,०६४ | | | | | | | |
| 5. | Manager | 1 | 0 | | 5700 | १,९५,०५४ | | | | | | | |
| 6. | Salesman | 1 | 0 | | 1300 | ४४,४८६ | | | | | | | |
| 7. | Supervisor | 1 | 0 | | 2500 | ८५,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १३ गते (27 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

